परिवर्तनका लागि एक नयाँ आवाज
# टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : २७८ पृष्ठ ४ २०८३ साउन १२ गते मंगलबार 28 July, 2026 मूल्य रु. ५/-

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।




## बर्दिबास मेडिकल कलेज स्पष्ट योजना अभावमा १५ वर्ष अलपत्र, अब अघि बढाउने सरकारको प्रतिबद्धता



● टक नेपाल

सरकारले बर्दिबास मेडिकल कलेज स्पष्ट योजना, कार्यान्वयन मोडेल र संस्थागत संरचनाको अभावका कारण करिब डेढ दशकदेखि अलपत्र परेको पहिलो पटक स्वीकार गरेको छ।

शिक्षामन्त्री तथा सरकारका प्रवक्ता सस्मित पोखरेलले विगतमा प्रभावकारी योजना नबन्दा आयोजना अघि बढ्न नसकेको स्वीकार गर्दै अब व्यवस्थित ढंगले परियोजना कार्यान्वयन गरिने बताएका छन् ।

महोत्तरीको बर्दिबासस्थित प्रस्तावित मेडिकल कलेजको निर्माणस्थल निरीक्षणपछि सञ्चारकर्मीसँग कुरा गर्दै मन्त्री पोखरेलले मधेश प्रदेशका लागि बर्दिबास मेडिकल कलेज अत्यावश्यक परियोजना भएकाले यसको सञ्चालन मोडेलबारे विस्तृत अध्ययन भइरहेको जानकारी दिए ।

उनका अनुसार मेडिकल कलेजलाई कुनै विश्वविद्यालयसँग आबद्ध गर्ने वा छुट्टै स्वास्थ्य विज्ञान प्रतिष्ठानका रूपमा सञ्चालन गर्ने भन्ने विषयमा अध्ययन भइरहेको छ । अध्ययनको निष्कर्षका आधारमा उपयुक्त मोडेल तय गरी निर्माण प्रक्रिया अघि बढाइने उनले बताए ।

“मेडिकल कलेजमा लगानी गर्न राज्यले लोभ गर्नुहुँदैन, र हामी गर्दैनौं पनि । यस क्षेत्रमा यस्तो स्तरको मेडिकल कलेज आवश्यक छ। त्यसैले कुन मोडेलमा सञ्चालन गर्ने भन्ने विषयमा गम्भीर अध्ययन भइरहेको छ,“ मन्त्री पोखरेलले भने ।

पछिल्लो समय बर्दिबास मेडिकल कलेजको योजना खारेज हुन लागेको चर्चा निराधार रहेको स्पष्ट पार्दै उनले आयोजनाका लागि बजेट विनियोजन भइसकेको र परियोजना कुनै पनि हालतमा नरोकिने बताए ।

करिब १५ वर्ष बितिसक्दा पनि आयोजना किन अघि बढ्न सकेन भन्ने प्रश्नमा मन्त्री पोखरेलले विगतको योजना निर्माणमै कमजोरी रहेको स्वीकार गर्दै “राम्रोसँग योजना बनेको भए त १५ वर्षमै निर्माण सम्पन्न भइसक्थ्यो । अब हामी यसलाई व्यवस्थित रूपमा अघि बढाउँछौं,“ भने ।

डेढ दशकअघि घोषणा भएको बर्दिबास मेडिकल कलेज निर्माण सुरु हुन नसक्दा स्थानीयवासी निराश छन्। मधेश प्रदेशमा गुणस्तरीय स्वास्थ्य सेवा विस्तार, चिकित्सक उत्पादन तथा चिकित्सा शिक्षाको पहुँच बढाउने राष्ट्रिय महत्वको परियोजनाका रूपमा हेरिएको यो आयोजना अब व्यवहारमै कार्यान्वयन हुने अपेक्षा गरिएको छ ।

यसैबीच, प्रतिनिधिसभा सदस्य प्रमोदकुमार महतोले पनि सरकारले थप ढिलाइ नगरी निर्माण प्रक्रिया अघि बढाउनुपर्नेमा जोड दिएका छन्। उनले बर्दिबास मेडिकल कलेज मधेशका लाखौं नागरिकको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको राष्ट्रिय गौरवको आयोजना भएकाले यसलाई उच्च प्राथमिकतामा राख्न सरकारसँग आग्रह गरेका छन् ।

बाँकी पृष्ठ २.....

## सिरहामा डिएपी मल अभाव, मागअनुसार आपूर्ति हुन अझै १० दिन लाग्ने




● टक नेपाल

कृषि सामग्री कम्पनी लिमिटेड, शाखा कार्यालय लहानले सिरहामा किसानको मागअनुसार डिएपी मल सहज रूपमा उपलब्ध हुन अझै करिब १० दिन लाग्ने जनाएको छ।

शाखा कार्यालय प्रमुख चेवन खड्काका अनुसार धान खेतीका लागि जिल्लाका १७ वटै पालिकामा करिब ८ हजार मेट्रिक टन डिएपी र १० हजार मेट्रिक टन युरिया मल आवश्यक पर्नेमा हालसम्म १ हजार ४८ मेट्रिक टन डिएपी र ३ हजार १६९ मेट्रिक टन युरिया मल १७ वटै पालिकाका १८१ कृषि सहकारीमार्फत वितरणका लागि पठाइएको छ ।

उनका अनुसार सिरहालाई आवश्यक पर्ने थप डिएपी मल साउन २० गतेसम्म आइपुग्ने अपेक्षा गरिएको छ ।

कोटाअनुसार पर्याप्त मल उपलब्ध नहुँदा सखुवानन्कारकट्टी, भगवानपुर, बरियारपट्टी, औरही र लक्ष्मीपुर पतारी गाउँपालिकाका कृषि सहकारीहरूलाई किसानको मागअनुसार मल वितरण गर्न कठिनाइ भइरहेको छ ।

प्रमुख खड्काले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि धानबालीमा आवश्यक पर्ने ८ हजार मेट्रिक टन युरिया र ७ हजार मेट्रिक टन डिएपी मल रोपाइँ सुरु हुनुअघि नै भण्डारण गर्ने तयारी भइरहेको जानकारी दिए ।


यता, कृषि ज्ञान केन्द्र सिरहाका प्रमुख किसुनदेव राउतका अनुसार जिल्लामा हालसम्म करिब ९५ प्रतिशत धान रोपाइँ सम्पन्न भइसकेको छ । सिरहामा करिब ५४ हजार हेक्टर क्षेत्रफलमा धान खेती हुने गरेको छ भने मधेश प्रदेशको कुल धान उत्पादनमध्ये १६.६ प्रतिशत उत्पादन सिरहाबाट हुने गरेको छ।

☛ विज्ञापन गानुपेमा
☛ ९८६३३२११४
☛ ९८०८७८२११४



# मतको सम्मान खोज्दै मधेस

● विजय मस्त । अनलाइन



जेन–जी विद्रोहपछिको प्रतिनिधिसभा निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले मधेसबाट अभूतपूर्व जनसमर्थन प्राप्त गर्‍यो । देशभर प्राप्त कुल लोकप्रिय मतमध्ये करिब ४८ प्रतिशत मत रास्वपाले हासिल गर्दा मधेस प्रदेशबाट मात्रै ५७ प्रतिशत समानुपातिक मत प्राप्त भएको थियो। त्यसैगरी, प्रत्यक्षतर्फ देशभरका १ सय ६५ निर्वाचन क्षेत्रमध्ये १ सय २५ स्थानमा विजयी भएको रास्वपालाई मधेसले ३२ मध्ये ३० सिट जिताएर स्पष्ट जनादेश दियो। यसरी बलियो सरकार निर्माणमा मधेस निर्णायक आधार बनेको छ ।

के देखिन्छ भने मधेस परिवर्तनका पक्षमा उभिने समाज हो । सत्ता परिवर्तन होस्, नयाँ राजनीतिक शक्तिको उदय होस् वा वैकल्पिक नेतृत्वको खोजी, मधेसले बारम्बार आफ्नो मतमार्फत परिवर्तनलाई साथ दिएको छ । तर, मधेसको यो राजनीतिक व्यवहारलाई निर्वाचनको परिणामबाट मात्रै व्याख्या गर्न सकिँदैन । यसको पछाडि लामो ऐतिहासिक, राजनीतिक र सामाजिक पृष्ठभूमि छ। राणा शासनको अन्त्यतिर प्रजातान्त्रिक आन्दोलन तीव्र बन्दै जाँदा पनि मधेस आफ्ना विशिष्ट सवाल उठाइरहेको थियो। नेपाली कांग्रेसको स्थापना भएपछि मधेसका अधिकार र पहिचानका मुद्दालाई संगठित रूपमा उठाउन वेदानन्द झालगायतका नेताहरूले तराई कांग्रेस गठन गरेका थिए ।

पञ्चायती व्यवस्थाविरुद्ध जनता संगठित भइरहँदा जनकपुरका युवक दुर्गानन्द झाले राजा महेन्द्रमाथि बम प्रहार गरेर आफ्नो ज्यानको बलिदान दिएका थिए। माओवादी सशस्त्र द्वन्द्वको अन्त्यसँगै भएको शान्ति प्रक्रियामा संघीयता, स्वायत्तता र समावेशी प्रतिनिधित्वका मुद्दा किनार लगाउँदा मधेसमा ऐतिहासिक जनआन्दोलन भयो। त्यस आन्दोलनले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रतर्फ अघि बढाउन निर्णायक भूमिका खेलेको थियो ।

मधेसले आफ्नै संघर्षको बलमा धेरै राजनीतिक उपलब्धि हासिल गरिसकेको छ । मधेस आफूसँगै सबै जातजातिको समावेशी समानुपातिक प्रतिनिधित्वलाई संविधानमा सुनिश्चित गराउन सफल भएको छ। देशको प्रथम राष्ट्रपति, उपराष्ट्रपतिदेखि प्रधानमन्त्रीसम्म तथा प्रदेश सरकारदेखि राज्यका विभिन्न निकायसम्म मधेसी तथा अन्य उत्पीडित समुदायको प्रतिनिधित्व सुनिश्चित गराउन मधेसको आन्दोलनले महत्वपूर्ण भूमिका खेलेको छ । अब मधेसका सवाललाई किनार लगाएर कुनै निर्वाचन वा परिवर्तन सम्भव देखिँदैन । गत निर्वाचनको केन्द्रमा पनि मधेस नै देखिएको थियो, जहाँ रास्वपाका प्रधानमन्त्री पदका उम्मेदवार वालेन्द्र शाहले 'आफू मधेसको छोरो हुँ' भन्दै मत मागे भने नेपाली कांग्रेसका महामन्त्री गगन थापाले मधेसका सवालहरूलाई मूलधारमा ल्याउन आफू मधेसबाटै निर्वाचन लडेको बताएका थिए ।

रास्वपा र वालेन्द्र शाह नेतृत्वको वर्तमान संघीय सरकारलाई मधेसले दिएको जनादेश केवल सत्ता निर्माणका लागि दिएको मत होइन। यो सुशासन, समावेशी विकास, सम्मानजनक प्रतिनिधित्व र संविधानले सुनिश्चित गरेका अधिकारको प्रभावकारी कार्यान्वयनको अपेक्षासहित दिइएको विश्वासको मत हो। वर्तमान सरकारले मधेसका यी सामान्य अपेक्षालाई बेवास्ता गरेर दीर्घकालीन सफलता हासिल गर्न सक्दैन ।

मधेसको प्राथमिक अपेक्षा स्थायित्व र सुशासन हो। जब राज्य र सरकार बलियो र स्थायी हुन्छ, तब जनताले आफ्ना एजेन्डा र अपेक्षा सार्वजनिक रूपमा राख्ने गर्छन् । विगतमा देखिएको राजनीतिक अस्थिरताले जनतामा ठूलो निराशा पैदा गरेको थियो । त्यसैले अब जनताले वालेन्द्र शाहको नेतृत्वमा पाँच वर्षको स्थायी सरकार देख्न खोजेका हुन् । स्थायी सरकारले जनताको भावना, आवश्यकता र मत बुझ्ने पर्याप्त अवसर पाउँछ। यसले विकास र संविधान कार्यान्वयनका लागि आवश्यक समय र स्रोतको सुनिश्चितता प्रदान गर्दछ। एकजना मधेसी प्रधानमन्त्री बन्दैमा मधेसका सबै मस्या समाधान हुँदैनन् भन्ने कुरा स्वयं मधेसका नागरिकलाई पनि थाहा छ ।

तर, सामान्य स्थायित्वको अवस्थामा उसका कुरा सुन्ने र मुद्दा सम्बोधन गर्ने कोही छ भन्ने अनुभूतिले मात्र पनि विश्वास जगाउँछ । मधेसका लागि मतको न्यायको पहिलो आधार सुशासन हो । निर्वाचनका बेला रास्वपाले भ्रष्टाचार नियन्त्रण, सार्वजनिक सेवा सुधार र जवाफदेही सरकारको प्रतिबद्धता जनाएको थियो ।

**के देखिन्छ भने मधेस परिवर्तनका पक्षमा उभिने समाज हो। सत्ता परिवर्तन होस्, नया राजनीतिक शक्तिको उदय होस् वा वैकल्पिक नेतृत्वको खोजी, मधेसले बारम्बार आनो मतमार्फत परिवर्तनलाई साथ दिएको छ।**

तर, सुशासन केवल भ्रष्टाचार नगर्नुमात्र होइन। यसमा कानुनको शासन, पारदर्शिता, जवाफदेहिता, नागरिक सहभागिता, प्रभावकारी सेवा प्रवाह, समानता, समावेशिता र उत्तरदायी प्रशासन सबै समेटिन्छन्। सामान्य नागरिकको अपेक्षा पनि धेरै ठूलो छैन ।

जसलाई हरेक कार्यालयमा सम्मानजनक व्यवहार, बिनाघूस समयमा सेवा, अनावश्यक झन्झटको अन्त्य र सरकारी निर्णयमा निष्पक्षता चाहिएको हो। मधेसका नागरिकले भ्रष्टाचारमुक्त र पहुँचभन्दा प्रक्रियालाई मान्ने शासनको अपेक्षा गरेका छन् । सरकारले आफू भ्रष्टाचार नगर्नेमात्र होइन, राज्यका कुनै पनि निकायलाई भ्रष्टाचार गर्न नदिने राजनीतिक इच्छाशक्ति देखाउन सकेमा त्यसलाई मधेसले आफ्नो मतको सम्मान भएको रूपमा लिनेछ ।

दोस्रो अपेक्षा संविधानको कार्यान्वयन हो। संघीयताको पक्षमा सबैभन्दा ठूलो राजनीतिक मूल्य चुकाएको प्रदेश मधेस हो। त्यसैले संविधानमा लेखिएका संघ, प्रदेश र स्थानीय तहका अधिकार व्यवहारमा कार्यान्वयन हुनु मधेसको प्रमुख अपेक्षा हो । प्रदेशका अधिकार संकुचित गर्ने परिपाटी, प्रहरी समायोजन, निजामती सेवा व्यवस्थापन, प्राकृतिक स्रोतको बाँडफाँट तथा वित्तीय संघीयतासम्बन्धी विषय वर्षौंदेखि अल्झिएका छन् । यी विषयमा स्पष्ट राजनीतिक निर्णय र कार्यान्वयन भए मात्र मधेसले आफ्नो संघर्षको प्रतिफल अनुभूत गर्नेछ। यसका लागि सरकारले सहज बाटो अपनाउन सक्छ ।

विगतमा सरकार र राजनीतिक दलले केन्द्रीय निर्णयहरू प्रदेश र स्थानीय तहमाथि जबर जस्ती लाद्ने गरेका थिए। वर्तमान सरकारले प्रदेश सरकारहरूलाई प्रदेश विकासको अवधारणा र प्राथमिकता तय गर्न मद्दत गर्न सक्छ। आवश्यक स्रोत परिचालन तथा अधिकार प्रत्यायोजन गरेर जनआकांक्षा अनुरूपको परिवर्तन गर्न सक्छ। गाउँपालिका र नगरपालिका महासंघको सहकार्यमा उनीहरूले भोगिरहेका समस्या सम्बोधन गर्ने पहल गर्न सकिन्छ । यसले आम नागरिकलाई संघीयताको वास्तविक अर्थ अनुभूति गराउन सक्छ ।

प्रदेश सरकारहरूको पहिलो कार्यकालमा प्रदेशले खासै केही गर्न सकेन भनेर असन्तुष्टिहरू बढ्दै गएका थिए। तर, पछि यो सबै संघीय सरकार र राजनीतिक दलका केन्द्रीय नेतृत्वको प्रदेशप्रतिको उदासीनताको नतिजा हो भनेर जनता स्पष्ट हुँदै गए । त्यही असन्तुष्टि जेन–जी आन्दोलनको क्रममा जनताले समर्थनमार्फत पोखेका थिए । प्रदेशलाई संविधानले दिएको पूर्ण अधिकार प्रयोग गर्ने वातावरण नबनाएसम्म वर्तमान प्रदेश संरचनाप्रति प्रश्न गर्ने नैतिक आधार कसैसँग हुँदैन, चाहे त्यो दुई तिहाइको बलियो वर्तमान सरकार नै किन नहोस् । रास्वपाले एउटा कुरा के पनि याद राख्नुपर्छ भने, निर्वाचन अभियानमा प्रधानमन्त्री शाहले प्रदेशलाई 'बलगर' (अर्थात् अझ बलियो) बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए । आम मतदाताले स्पष्ट रूपमा बुझ्ने ठेट मधेसी भाषामा बोलिएको त्यो कुरा मधेसका लागि ठूलो विश्वासको आधार बनेको थियो । यसबाट पछाडि फर्कनु भनेको आफ्नै खुट्टामा बन्चरो हान्नु हो ।

तेस्रो अपेक्षा सार्वजनिक सेवा र विकासमा सुधार हो । राजनीतिक परिवर्तनले मात्र नागरिकको जीवन बदलिँदैन। युवालाई रोजगारी, किसानलाई बजार, उद्योगीलाई लगानीमैत्री वातावरण र श्रमिकलाई सम्मानजनक आम्दानी चाहिन्छ । मधेस कृषि, उद्योग, सीमा व्यापार र धार्मिक पर्यटनको केन्द्र बन्न सक्ने सम्भावना बोकेको प्रदेश हो । त्यसका लागि पूर्वाधार, ऊर्जा, सिँचाइ, औद्योगिक क्षेत्र र निजी क्षेत्रमैत्री नीतिमा सरकारले प्राथमिकता दिनुपर्छ । विकासका ठूला नाराभन्दा रोजगारी सिर्जना गर्ने नीतिले मधेसको मतको वास्तविक सम्मान हुनेछ ।

मधेस प्रदेशका एकतिहाइ जनसंख्या वैदेशिक रोजगारीमा गएका छन् । उनीहरूलाई तत्कालै फर्काउन सकिँदैन होला, तर रोजगारीमा जाने व्यक्तिलाई सहजता दिन, सुरक्षाको सुनिश्चितता गर्न र परिवारको सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति ल्याउन सकिन्छ। खुला सिमानाबाट हुने तस्करी नियन्त्रण हुन सकेको छैन । त्यस्तै, लागुपदार्थ दुर्व्यसनमा फस्नेको संख्या दिनप्रतिदिन बढ्दै गएको छ । मिटरब्याज पीडितहरू न्यायको पर्खाइमा छन् ।

किसानहरू समयमा मल र बिउको आसमा छन् भने उखु किसान आफ्नो भुक्तानी पाउने पर्खाइमा छन् । सरकारको सय दिने कार्यक्रमले यी विषयमा ठोस कदम चाल्न सकेन । यद्यपि, अझै पर्याप्त समय छ, सबै समस्या एकैपटक समाधान गर्न सम्भव पनि हुँदैन। तर, राजधानीको राजकाजमा मात्र सीमित भएर पुग्दैन, परिवर्तन गाउँ-गाउँसम्म पुगेको अनुभूति जनतालाई दिलाउनुपर्छ ।

मधेसलगायत देशभरि नै एकपक्षीय रूपमा परिवर्तनका पक्षमा मतदान गरेका मतदातामा सरकारका मन्त्रीहरूले आफ्नो सम्पत्ति सार्वजनिक गरेदेखि नै एउटा शंकाको भावना पैदा भएको छ । गरिब जनताका लागि अकुत सम्पत्ति भएका नेताहरूले कसरी काम गर्लान् भन्ने आशंका सुरु भएको छ। त्यसमाथि प्रधानमन्त्री र मन्त्रीहरूले जनतासँग खुलेर संवाद गर्न नसक्दा उनीहरूको सामर्थ्यमाथि नै प्रश्नचिह्न उठेको छ । सरकारले गरिरहेका सकारात्मक कामहरू जनताको घरदैलोमा पुर्‍याउने रास्वपाको संगठनात्मक संरचना छैन ।

यता, निर्वाचनको मत परिणामबाट झस्किएका अन्य दलका नेता-कार्यकर्ताहरू सक्रिय हुन थालेका छन् । समग्रमा, सरकारले के गर्न खोजेको हो, कसरी गर्न प्रयासरत छ भन्ने संवाद आम नागरिकले बुझ्न नसकेका कारण जनमानसमा एक किसिमको नैराश्यता पैदा भएको छ । यो अवस्था एकदमै घातक हुन सक्छ; यस्तो बेला स्वार्थ समूहहरूले आफ्नो पक्षमा जनमत तयार पार्न सक्छन् र देश फेरि अस्थिरताको भुमरीमा फस्न सक्छ। यसबाट जोगिनु र सचेत रहनुको विकल्प छैन । सरकार र जनताबीचको दूरीले समग्र राजनीतिक उपलब्धिहरूलाई तहसनहस पार्न सक्छ।मतको न्याय भनेको कुनै समुदायलाई विशेष सुविधा दिनु होइन ।

मधेसले दिएको जनादेशअनुसार सुशासन, संविधानको कार्यान्वयन, विकास र सम्मानजनक सहभागिताको प्रत्याभूति दिनु नै मतको न्याय हो । सरकारले यही सन्देश बुझ्न सकेमा मधेसको विश्वास दीर्घकालसम्म कायम रहनेछ । मधेसले इतिहासभरि परिवर्तनको पक्षमा उभिएर नयाँ शक्तिलाई अवसर दिएको छ । यसपटक पनि मधेसले व्यक्तिलाई मात्र होइन, एउटा सम्भावनालाई मत दिएको हो । अब सरकारले यो मतलाई केवल निर्वाचनको अंकगणितका रूपमा होइन, विश्वासको जिम्मेवारीका रूपमा बुझ्नुपर्छ। सुशासन, संविधानको प्रभावकारी कार्यान्वयन, आर्थिक अवसर र सम्मानजनक प्रतिनिधित्व सुनिश्चित गर्न सके मात्र मधेसले आफ्नो मतको न्याय पाएको अनुभूति गर्नेछ । अन्यथा, परिवर्तनको पक्षमा उभिने मधेस फेरि अर्को विकल्प खोज्न पछि हट्ने छैन।

बर्दिबास मिडिया
अड्डा अदालत लेखापढी, कानून व्यवसायी सम्बन्धी सम्पूर्ण काम यहाँ गरिन्छ ।
यहाँ कनुनी परामर्श दिनुको साथै फोटोकापी, अनलाईन फारम तथा साईबर सम्बन्धि सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं.: ९८६३३२१०१४, ९८०७८२१०१४ ९८०१६७३२५६

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०



# राजर्षि जनक विश्वविद्यालयको समस्या समाधानमा सरकार प्रतिबद्ध : शिक्षामन्त्री पोखरेल



• टक नेपाल

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले राजर्षि जनक विश्वविद्यालयका समस्या समाधान गर्दै शैक्षिक सुधारलाई प्रभावकारी रूपमा अघि बढाउन सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

विश्वविद्यालयको वर्तमान अवस्था बुझ्न तथा आगामी कार्ययोजनाबारे छलफल गर्न जनकपुर पुगेका मन्त्री पोखरेलले विश्वविद्यालयलाई थप व्यवस्थित, सक्षम र गुणस्तरीय संस्थाका रूपमा विकास गरिने बताएका हुन् ।

विश्वविद्यालयका पदाधिकारीसँगको छलफलमा उनले विशेषगरी भौतिक पूर्वाधार निर्माण र जग्गा व्यवस्थापनलाई प्राथमिकतामा राखेका छन् । विश्वविद्यालयको आफ्नै भवन नहुँदा शैक्षिक तथा प्रशासनिक गतिविधिमा समस्या भइरहेको उल्लेख गर्दै उनले जग्गा प्राप्तिको कानुनी प्रक्रिया शीघ्र टुंग्याई भवन निर्माणको काम सुरु गरिने बताए ।

'आज हामी उपकुलपतिसँग विश्वविद्यालयका समस्या, विशेषगरी जग्गा व्यवस्थापन र आफ्नै भवन निर्माणका विषयमा विस्तृत छलफल गरेका छौं। यी कामलाई छिटो अघि बढाउने तयारी भइरहेको छ,' मन्त्री पोखरेलले भने ।

भ्रमणका क्रममा मन्त्री पोखरेलले विश्वविद्यालयका विद्यार्थीलाई क्रिकेट ब्याट, बल, फुटबललगायत खेलकुद सामग्री पनि हस्तान्तरण गरेका छन्। करिब दुई महिनाअघि विश्वविद्यालय भ्रमणका क्रममा विद्यार्थीहरूले खेल सामग्रीको अभावबारे गुनासो गरेपछि गरिएको प्रतिबद्धताअनुसार सामग्री उपलब्ध गराइएको उनले बताए ।

मन्त्री पोखरेलले मधेश प्रदेशलाई 'साक्षर प्रदेश' घोषणा गर्ने अभियान पनि सन्तोषजनक रूपमा अघि बढिरहेको जानकारी दिए । यससम्बन्धी प्रतिवेदन प्रदेश सरकारलाई बुझाइसकिएको उल्लेख गर्दै उनले अभियानको थप प्रभावकारी कार्यान्वयनका लागि प्रदेश प्रमुख तथा सम्बन्धित निकायसँग समन्वय र समीक्षा गरिने बताए ।

उनले शिक्षा क्षेत्रमा चुनौतीहरू रहे पनि ती चुनौतीलाई अवसरका रूपमा रूपान्तरण गर्दै सुधारका कामलाई तीव्रता दिइने स्पष्ट पारे ।

'विश्वविद्यालयका लागि आवश्यक जग्गा व्यवस्थापन गरी आफ्नै भवन निर्माणको प्रक्रिया सकेसम्म छिटो सुरु गरिनेछ । शिक्षा क्षेत्रका समस्या समाधान गर्दै गुणस्तरीय शैक्षिक वातावरण निर्माण गर्न सरकार दृढतापूर्वक लागिपरेको छ,' मन्त्री पोखरेलले बताए ।

# विरोधपछि मधेश सरकारद्वारा आम सञ्चार विधेयकको प्रक्रिया स्थगित

• टक नेपाल



मधेश प्रदेश सरकारले अध्यादेशमार्फत ल्याउने तयारी गरेको 'मधेश प्रदेश आम सञ्चार विधेयक, २०८२' तत्कालका लागि स्थगित गरेको छ । सञ्चार क्षेत्रसँग पर्याप्त परामर्श र छलफल नगरी विधेयक अघि बढाउन खोजिएको भन्दै नेपाल पत्रकार महासंघसहित सञ्चारसम्बद्ध संघ-संस्थाले विरोध जनाएपछि सरकार आफ्नो निर्णयबाट पछि हटेको हो ।

गत साउन ८ गते मधेश पत्र मा 'छलफलविनै मधेशमा नयाँ सञ्चार ऐनको तयारी : तीन स्वायत्त संस्था गाभ्ने सरकारको यो जना, सरोकारवाला अनभिज्ञ' शीर्षकमा समाचार प्रकाशित भएपछि प्रस्तावित विधेयकबारे व्यापक बहस सुरु भएको थियो । त्यसपछि पत्रकार तथा सञ्चारसम्बद्ध विभिन्न पेशागत संस्थाहरूले विधेयकप्रति असन्तुष्टि जनाउँदै सरकारसँग प्रक्रिया रोक्न माग गरेका थिए ।

यसैक्रममा नेपाल पत्रकार महासंघ, मधेश प्रदेश समितिले गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोलाई ज्ञापनपत्र बुझाउँदै पर्याप्त परामर्श र सरोकारवालासँग छलफल नगरी विधेयक अघि नबढाउन आग्रह गरेको थियो ।

ज्ञापनपत्र बुझ्दै मन्त्री महतोले सरकारलाई केही पक्षबाट गलत ढंगले 'ब्रिफिङ' गरिएको उल्लेख गर्दै प्रस्तावित विधेयक तत्काल अघि नबढाइने र हालको प्रक्रिया स्थगित गरिएको जानकारी दिएका छन्। उनले सञ्चार क्षेत्रका सरोकारवालासँग आवश्यक छलफल र सुझाव संकलन गरेपछि मात्रै आगामी प्रक्रिया अघि बढाइने बताएका छन् ।

नेपाल पत्रकार महासंघले सञ्चारजस्तो संवेदनशील क्षेत्रसँग सम्बन्धित कानुन निर्माण गर्दा पत्रकार महासंघ, सञ्चार विज्ञ तथा अन्य सरोकारवालासँग व्यापक परामर्श अनिवार्य हुने उल्लेख गर्दै सरकारले एकपक्षीय रूपमा विधेयक अघि बढाउन खोजेकोमा आपत्ति जनाएको थियो ।

ज्ञापनपत्र बुझाउने टोलीमा महासंघका केन्द्रीय सदस्य राजु विश्वकर्मा, मधेश प्रदेश समितिका सल्लाहकार अवधेश कुमार झा, सचिव हदिस खुद्दार तथा पत्रकार अजित तिवारी, आतिश मिश्र, अजय साह, बटुकनाथ झा, शिव अधिकारी, घनश्याम मिश्र, मनोजकुमार मोरबैता, सनोज यादव, रुपेश यादव, चन्दन रजक, शंकर यादव, अजित कुमार र श्याम गिरी लगायत सञ्चारकर्मी सहभागी थिए ।

# सप्तरीमा ४ लाख ५० हजार बिरुवा निःशुल्क वितरण, वन संरक्षण र उद्यम विकासमा जोड

• टक नेपाल

डिभिजन वन कार्यालय सप्तरीले आर्थिक वर्ष २०८२/०८३ मा विभिन्न प्रजातिका ४ लाख ५० हजार बिरुवा उत्पादन गरी सर्वसाधारणलाई निःशुल्क वितरण गरेको जनाएको छ ।

वन संरक्षण, व्यवस्थापन तथा आर्थिक उपार्जनलाई प्राथमिकतामा राख्दै कार्यालयले वृक्षरोपण, गुणस्तरीय बिरुवा उत्पादन, जडीबुटी प्रवर्द्धन र वनमा आधारित उद्यमशीलता विकासका लागि निःशुल्क बिरुवा वितरण अभियान सञ्चालन गरेको हो ।

डिभिजन वन कार्यालय सप्तरीका प्रमुख सुभाषचन्द्र दासका अनुसार वन क्षेत्रको संरक्षण तथा व्यवस्थापन, वन बाहिरका क्षेत्रमा वृक्षरोपण, खाली वन क्षेत्र, नदी उकास तथा सार्वजनिक जग्गामा हरियाली विस्तार गर्ने उद्देश्यले बिरुवा उत्पादन र वितरण गरिएको हो ।

उनका अनुसार अमहा वन नर्सरीमा ७ लाख ५० हजार, तिलाठी कोइलाडी गाउँपालिकास्थित नर्सरीमा ७५ हजार, दौलतपुर वन नर्सरीमा २ लाख, रुपनी वन नर्सरीमा ५० हजार तथा कञ्चनपुर वन नर्सरीमा १ लाख बिरुवा उत्पादन गरिएको छ। यसबाहेक राजविराजस्थित डिभिजन कार्यालय तथा अग्निसाइर, कल्याणपुर, शम्भुनाथ र डाक्नेश्वरीस्थित सव-डिभिजन कार्यालयमार्फत सम्बन्धित क्षेत्रमा वृक्षरोपण कार्यक्रम सञ्चालन गरिएको उनले जानकारी दिए ।

वन डिभिजन कार्यालय र सञ्चारकर्मीको संयुक्त टोलीले तीन दिनअघि गरेको अनुगमनका क्रममा प्रमुख दासले पछिल्लो समय विभिन्न प्रजातिका बिरुवा उत्पादन, जडीबुटी विकास, वन व्यवस्थापन, अतिक्रमित वन क्षेत्र खाली गराउने, वन क्षेत्र विस्तार तथा वनमा आधारित उद्यम स्थापना लगायतका गतिविधिलाई तीव्रता दिइएको बताए ।



यसैबीच, सामुदायिक वनलाई उत्पादनसँगै पर्यटनसँग जोड्ने उद्देश्यअनुसार सप्तकोशी नगरपालिका-१ स्थित रक्तमाला सामुदायिक वनलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गरिएको छ ।

रक्तमाला सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष इन्द्रप्रसाद लुईटेलका अनुसार डिभिजन वन कार्यालयको सहयोगमा वाटर पार्क, पिकनिक स्पट, बोटिङ, ट्री हाउस, पोखरी, मिनी चिडियाखाना तथा चमेनागृह लगायतका संरचना निर्माण गरिएपछि पर्यटकको आगमन बढ्नुका साथै वनको आम्दानी र स्थानीय रोजगारीका अवसरसमेत वृद्धि भएको छ ।

सप्तरी जिल्लाको कुल १ लाख २८ हजार १०० हेक्टर क्षेत्रफलमध्ये २१ हजार १३६ हेक्टर वन क्षेत्र रहेको छ। त्यसमध्ये १४ हजार १२१.५ हेक्टर क्षेत्र डिभिजन वन कार्यालयको कार्यक्षेत्रमा र ७ हजार १४.५ हेक्टर क्षेत्र कोशी टप्पु वन्यजन्तु आरक्षअन्तर्गत पर्दछ। जिल्लामा हाल १३६ वटा सामुदायिक वन सञ्चालनमा रहेका छन् ।

# कमला नगरपालिकाद्वारा मालपोत असुली प्रभावकारी बनाउन वडा कार्यालयलाई निर्देशन

• टक नेपाल

धनुषाको कमला नगरपालिकाले आर्थिक वर्ष २०८३/८४ का लागि मालपोत (भूमिकर) असुलीलाई प्रभावकारी बनाउन मातहतका सबै वडा कार्यालयलाई परिपत्र जारी गरेको छ ।

नगर प्रमुख विशेश्वर यादवले सोमबार हस्ताक्षर गरेको परिपत्रमार्फत चालु आर्थिक वर्षमा नगरपालिकाअन्तर्गतका सबै वडा कार्यालयबाट संकलन गरिने मालपोत (भूमिकर) को दर गत आर्थिक वर्षकै अनुसार कायम रहने जानकारी गराइएको छ ।

परिपत्रमा स्वीकृत दररेटअनुसार सेवाग्राहीबाट मालपोत (भूमिकर) अनिवार्य रूपमा असुल गरी राजस्व संकलनलाई व्यवस्थित बनाउन सबै वडा कार्यालयलाई निर्देशन दिइएको छ। साथै, स्वीकृत दरभन्दा बढी वा फरक शुल्क नलिन, राजस्व अभिलेख नियमित रूपमा अद्यावधिक गर्न तथा संकलन प्रक्रियालाई पारदर्शी र प्रभावकारी बनाउन पनि आग्रह गरिएको छ ।

नगरपालिकाले परिपत्रमा उल्लिखित निर्देशनको पूर्ण कार्यान्वयन गर्न सबै वडा कार्यालयलाई निर्देशन दिएको छ ।

कमला नगरपालिकाका सूचना अधिकारी वीरेन्द्रकुमार सढानका अनुसार नगरपालिकाको उक्त निर्णयसँगै आर्थिक वर्ष २०८३/८४ का लागि मालपोत (भूमिकर) संकलन प्रक्रिया सबै वडा कार्यालयबाट नियमित रूपमा सञ्चालन हुनेछ ।


## सर्पले टोकिहालेमा के गर्ने ?

- सर्पले टोकेको व्यक्तिलाई कोल्टे सुताउने । ढाडमा उत्तानो सुताउँदा श्वासप्रश्वासमा अवरोध पुग्नसक्छ ।
- घाउ चुसेर वा काटेर विष निकाल्न नखोज्ने । घाउ भएको शरीरको भाग धेरै चलाउन नदिने ।
- घरेलु उपचार, जडिबुटीको प्रयोग र झारफुक गराउनेतिर नलाग्ने । अबिलम्ब चिकित्सा उपचार गराउने ।

**सर्पको टोकाईको समयमै उपचार गरिएन भने व्यक्तिको ज्यानै समेत जान सक्छ । त्यसैले सर्पले टोकेको खण्डमा चाँडोभन्दा चाँडो सर्पले टोकेको व्यक्तिलाई नजिकको अस्पताल वा सर्पदंश उपचार केन्द्रमा लगिहाल्नोस् ।**

**बर्दिबास नगरपालिका, मधेश प्रदेश, महोत्तरी**



## मानव बेचबिखन विरुद्ध सचेतना

- मानव बेचबिखन गम्भीर मानवअधिकार उल्लङ्घन तथा कानूनबमोजिम दण्डनीय अपराध हो ।
- आकर्षक तलब, वैदेशिक रोजगारी वा विवाहको झुटो प्रलोभनमा नफसौं ।
- विदेश जानुअघि सम्बन्धित सरकारी निकायबाट अनुमति र आवश्यक जानकारी लिनुहोस् ।
- अपरिचित व्यक्तिलाई नागरिकता, राहदानी वा अन्य व्यक्तिगत कागजात नदिनुहोस् ।
- सामाजिक सञ्जालमार्फत आएका अपरिचित व्यक्तिको प्रस्तावप्रति सतर्क रहनुहोस् ।
- बालबालिका, महिला तथा जोखिममा रहेका व्यक्तिहरूको विशेष सुरक्षा गरौं ।
- कुनै पनि शंकास्पद गतिविधि देखेमा तुरुन्त प्रहरी वा सम्बन्धित निकायलाई जानकारी गराऔं ।
- सुरक्षित वैदेशिक रोजगारका लागि कानुनी प्रक्रिया मात्र अपनाऔं ।
- लोभलाग्दा विज्ञापन र दलालहरूको झुटा आश्वासनबाट सावधान रहौं ।
- आफ्ना परिवारका सदस्य र समुदायलाई मानव बेचबिखनका जोखिमबारे सचेत बनाऔं ।
- बालश्रम, जबर्जस्ती श्रम र यौन शोषण मानव बेचबिखनका रूपहरू हुन् भन्ने कुरा बुझौं ।
- कुनै पनि व्यक्तिलाई इच्छा विपरीत काम गर्न बाध्य पार्नु अपराध हो ।

- बेचबिखनका पीडितलाई सहयोग, संरक्षण र न्याय दिलाउन सबैले हातेमालो गरौं ।
- मानव बेचबिखनमुक्त समाज निर्माणका लागि समुदाय, स्थानीय सरकार र सुरक्षा निकायसँग सहकार्य गरौं ।

**सोनमा गाउँपालिका, महोत्तरी, मधेश प्रदेश**


बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014